नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं

# पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।८।२८)

यस विभागमा रहेका पुराना फर्निचर, कम्प्युटर, इलेक्ट्रोनिक्स सामान, लगायतका अन्य कवाडी सामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । लिलाममा भाग लिन ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र फाराम खरिद गर्नुपर्नेछ । बोलपत्र फाराम यस विभागको आर्थिक प्रशासन शाखाबाट २०७५।९।१३ गते कार्यालय समयभित्र रू ३००।०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । दर्ता हुन आएको सिलबन्दी बोलपत्र फाराम मिति २०७५।८।१५ गते दिनको २:०० बजे यस विभागमा खोलिनेछ । उक्त दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समय र स्थानमा खोलिनेछ । सिलबन्दी बोलपत्र फाराम पेश गर्दा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र नं. ३ लैनचौरको नाममा राष्ट्रिय बाणिज्य बैक ठमेल शाखामा रहेको धरौटि खाता नं. ११००२०३००००००० (कार्यालय कोड २७-३०५-०३) मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बोलपत्र फाराममा सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गरिनेछ । बोलपत्र फाराम स्विकृत ब्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाले सम्झौता भएको ७ दिन भित्र कबुल गरेको रकम बुझाई उठाई लैजानु पर्नेछ । सो अवधि भित्र सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरिनेछ । प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा रहनेछ । लिलाम गरिने सामानको विस्तृत विवरण विभागको सूचना पाटीमा टांसिएको छ । उक्त सामानहरू भण्डार शाखामा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ । अन्य विषयको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

०७५।८।२८
लेखा नियन्त्रक